नगर कार्यपालिकाको
बैठक संख्या ...१८ - २०७९/०८४
मिति ...२०७९।१२।१०... को
निर्णय प्रमाणित

बैठक संख्याः १८/२०७९-०८४

मिति २०७९ साल चैत्र १० गतेका दिन बसेको कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको बैठकबाट देहाय बमोजिमका निर्णयहरु पारित गरियो।

**निर्णय नं. १**

नगर कार्यपालिकाका अघिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समिक्षा गरियो। कार्यान्वयन गर्न बाँकी निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. २**

क. यस नगरपालिकाको नयाँ बसपार्क सञ्चालन एवं व्यवस्थापनका लागि कोहलपुर बसपार्क व्यवस्थापन कार्यबिधी, २०७९ मा छलफल भयो । छलफलमा उठेका विषयहरु समेटी उक्त कार्यबिधी स्वीकृत गर्ने ।

ख. नयाँ बसपार्क सञ्चालनका लागि कार्यबिधीले तोके बमोजिममा शर्तहरु राखी २०७९ चैत्र १५ गतेभित्र राजस्व व्यवस्थापनको टेण्डर गर्ने ।

ग. बसपार्क व्यवस्थापन समितिको सदस्यमा कार्यबिधीको ४ग बमोजिम वडा नं. ९ का वडा अध्यक्ष श्री ओपेन्द्रनाथ योगी लाई सदस्य पदमा मनोनयन गर्ने ।

**निर्णय नं. ३**

कोहलपुर नगरपालिकाको कभर्ड हल निर्माण ठेक्का नं. BANKE/KOMUN/W/NCB-2/2077/078 लाई चालु आ.ब. २०७९/०८० को नीति, बजेट तथा कार्यक्रम पुस्तिकाको पेज नं. ७४ सि.नं. १००, १०१ कोहलपुरमा कभर्ड हल निर्माण र पेज नं. १२५ सि.नं. ५४३ खेलकुद पुर्वाधार निर्माण वडा नं. २ बजेट शीर्षकबाट भुक्तानी गर्ने । साथै सो योजना आ.ब. २०८०/०८१ का लागि क्रमागत हुने गरी उक्त योजनाको ६(छ) महिना म्याद थप गर्ने ।

**निर्णय नं. ४**

यस नगरपालिकाको नवौं स्थापना दिवस (२०८० बैशाख २५ गते) मनाउने र उक्त कार्यक्रमको तयारी एवं व्यवस्थापन देहाय बमोजिम हुने गरी गर्ने ।

१. नगर प्रमुखको अध्यक्षतामा एक मूल समारोह समिति गठन गर्ने । जसको उपाध्यक्षमा उपप्रमुख, सदस्यहरुमा प्रमुख प्रशासकीय अधिकृत, सबै वडा अध्यक्ष एवं कार्यपालिका सदस्य, खेलकूद विकास समिति अध्यक्ष, वाङ्मय प्रतिष्ठान उपध्यक्ष, प्रेश संयोजक र सबै शाखा प्रमुखहरु रहने । सदस्य सचिवको रुपमा प्रशासन शाखा प्रमुख वा अध्यक्षले

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या १८-२०७९/०८०
मिति २०७९/१२/१० को
निर्णय प्रमाणित

तोकेको अधिकृत रहने । मूल समारोहको बैठक राखी देहाय बमोजिमका विभिन्न उप समितिहरु गठन गरी कार्यक्रम प्रारम्भ गर्ने ।

क) अतिथि एवं समारोह ब्यवस्थापन उप समितिः

ख) खेलकूद तथा अतिरिक्त क्रियाकलाप ब्यवस्थापन उप समितिः

ग) स्वास्थ्य तथा सरसफाई उप समितिः

घ) प्रचार प्रशार, प्रकाशन, पुरस्कार तथा प्रमाणपत्र ब्यवस्थापन उप समितिः

२. प्रत्येक उप समितिलाई तोकिएका क्रियाकलापहरु संचालन गर्ने गराउने । सो को लागि पाक्षिक रुपमा मूल समारोह समितिको बैठक बसी समन्वय गर्ने।

३. संचालन गरिने क्रियाकलापहरुः

- मैत्रीपूर्ण तथा प्रतियोगितात्मक फूटबल/फूटसल, ब्याडमिन्टन/ विद्यालय स्तरीय निवन्ध, कविता, वक्तृत्वकला/ रक्तदान/ प्रभातफेरी आदि
- रचनात्मक प्रतिशपर्धा तथा पुरस्कार, उत्कृष्ट वडा/ उत्कृष्ट कर्मचारी/ उत्कृष्ट करदाता/ उत्कृष्ट महिला स्वयंसेविका/ टोल बिकास सँस्था/ निर्माण ब्यवशायी/ उत्कृष्ट पत्रकारिता पुरस्कार/ टिकटक प्रतियोगिता/

४. उप समितिले कार्यक्रम तथा क्रियाकलापहरु ब्यवस्थापन गरी २०८० बैशाख १८ देखि २४ सम्म सबै क्रियाकलापहरु संचालन गरी नतिजा तयार गर्ने र मूल समारोह समितिमा पेश गर्ने ।

५. मूल समारोह समितिका अध्यक्षको अध्यक्षतामा कार्यक्रम संचालन हुने । यस क्षेत्रका सबै माननीयहरु, निर्वाचित प्रतिनिधिहरु, राजनैतीक दलका प्रमुख/ प्रतिनिधी, कोहलपुर र बाँके जिल्लाका विशिष्ट ब्यक्तित्वहरु, पूर्व जनप्रतिनिधीहरु, आम संचार माध्यम, स्थानीय व्यक्तिहरु आदि आमन्त्रण गर्ने ।

निर्णय नं. ५

क) यस नगरपालिकाको योजना अनुगमन समितिले यस नगरपालिका एवं वडा तर्फका विभिन्न योजनाहरुको हालसम्मको योजना अनुगमनको बिस्तृत प्रतिवेदन आगामी कार्यपालिका बैठकमा पेश गर्ने ।

ख) यस नगरपालिका अन्तर्गत विभिन्न वडाहरुमा बाटो मर्मतका लागि प्रयोग गर्ने ग्राभेलको भुक्तानी सम्बन्धमा कार्यपालिकाको मिति २०७९/०२/२८ को निर्णय बमोजिम हुने गरी

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या ..
मिति .. को
निर्णय प्रमाणित

भुक्तानी गर्ने । सो सम्बन्धमा नगरपालिकाको पूर्वाधार विकास समिति एवं नगर स्तरीय योजना अनुगमन तथा सुपरिवेक्षण समितिलाई जवाफदेही बनाउने ।

निर्णय नं. ६

यस नगरपालिका भित्र मिति २०७८/०२/२३ गतेदेखि विभिन्न शर्तहरु राखी वैभव लक्ष्मी गुप्तासँग सम्झौता भई २०७९ मंसिर मसान्त सम्म निजले नै संचालन गरेको र साविकको सम्झौताकर्ता श्री वैभवलक्ष्मी गुप्ताले मिति २०७९/७/२८ मा क्यान्टिन छोड्न निवेदन दिएको र सोही शर्तमा केही थप मर्मत सुधार गरी आफूले लिन इच्छुक भई कोहलपुर ८ बस्ने उमेश क्षेत्रीले निवेदन दिएकोमा सो क्यान्टिन उमेश क्षेत्रीको नाममा नामसारी गरी सम्झौता गरी संचालन गर्ने ।

क) क्यान्टिन मर्मतका क्रममा लाग्ने थप रकम हिसाब गर्दा पुरानो भवनमा भएको नापी किताबको क्वान्टिटीको हाल भुक्तानी नगर्ने, प्राविधिक बिल अनुसार पुरानो र हाल सुधार गरेको थप संरचनाको मर्मत शुल्क रकम थप गरी जम्मा हुन आउने रकम कायम गरी मासिक भाडाबाट कट्टा गर्ने ।

ख) क्यान्टिनको लागि छुट्टै विद्युत सब मिटर राख्ने र सो को भुक्तानी क्यान्टिन सञ्चालकले गर्ने ।

ग) क्यान्टिनको मासिक भाडा २०७९ असार मसान्तसम्म रु.६,६५५।– रहेकोमा नयाँ सम्झौतामा १०% थप गरी मासिक रु.७,५००।– कायम गर्ने ।

घ) क्यान्टिन साँझ बिहान(बिहान ६ बजेदेखि साँझ ७ बजेसम्म) सार्बजनिक बिदाको दिनमा समेत सञ्चालन गर्ने ।

निर्णय नं. ७

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट सञ्चालित सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढिकरण आयोजना अन्तर्गतको सेवा इकाईमा कार्यरत एम.आई.एस. अपरेटर र फिल्ड सहायक १/१ जनाको आ.ब. २०८०/०८१ को लागी ६ महिना बराबरको पारिश्रमिक यस नगरपालिकाबाट व्यहोरिने गरी स्रोत सुनिश्चितताको प्रतिबद्धता दिने।

निर्णय नं. ८

कोहलपुर नगरपालिकामा राष्ट्रिय परिचयपत्रको विवरण संकलनका लागी खटिएको टोलीको प्रत्येक वडाले खाना, खाजा, आवास लगायत खर्च गरी भुक्तानीको लागी सबै वडाबाट पटकपटक माग भएको हुँदा खर्च एकीन तथा बील भरपाई वडा अध्यक्षले रुजु तथा एकिन गरी पेश भएमा नगरपालिकाको भैपरी आउने चालु शीर्षकबाट भुक्तानी गर्ने कार्यालयलाई निर्देशन गर्ने ।

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या १८-२०७९।०८०
मिति २०७९।१२।१० को
निर्णय प्रमाणित

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

निर्णय नं. ९

चालु आ.ब. २०७९/०८० को नीति, बजेट तथा कार्यक्रम पुस्तिकाको पेज नं. ७१ सि.नं. ७० को विभिन्न (सरकारी तथा गैर सरकारी) निकायहरुसँग समन्वय सहकार्य शीर्षकबाट खर्च हुने गरी नेपाल नगरपालिका संघलाई रु.५,००,०००।- (पाँच लाख) रकम उपलब्ध गराउने।

निर्णय नं. १०

यस नगरपालिकाको बाह्रौं नगरसभाबाट स्वीकृत संगठन संरचना र दरबन्दी तेरिज अनुसारको साइनबोर्ड, लेटरप्याड र छाप लगायतका प्राबधानहरु २०७९ चैत्र मसान्तिभत्र अनिवार्य प्रयोग गर्न नगर कार्यपालिकाको कार्यालय एवं अन्तर्गतका सबै शाखा/उपशाखा/ वडा कार्यालय/ स्वास्थ्य संस्थालाई निर्देशन दिने । संगठन संरचना (O&M) अनुसार फाजिल भएका कर्मचारीहरुलाई निजको सेवा समुहमा रिक्त दरबन्दी नभएमा अर्को व्यवस्था नभएसम्मका लागी प्रमुख प्रशासकीय अधिकृतले नगरपालिका वा अन्तर्गत अन्य सेवा समुहमा समेत कामकाजमा लगाउने ।

निर्णय नं. ११

यस नगरपालिका अन्तर्गत कार्यरत केही कर्मचारीहरुको हाजिरी, बिदा, समय परिपालना, कर्मचारी पोशाक एवं कार्यालय समयमा मादक पदार्थ सेवन लगायत मर्यादा विपरितका कार्य गरेको भनी गुनासो आएकाले कर्मचारी आचरणहरुको पालना गर्न सबै कर्मचारीहरुलाई निर्देशन दिने । कुनै कर्मचारीले आचरण विपरितका कार्य गरेमा कानून बमोजिम कारबाही प्रक्रिया समेत अघि बढाउने ।

निर्णय नं. १२

कोहलपुर नगरपालिका भित्रका पर्यटकिय क्षेत्रहरुको पहिचान, विकासका संभावना लगायतका कार्ययोजना निर्माण गरी यस क्षेत्रको पर्यटन विकासका लागी पश्चिम पर्यटन सरोकार समुह, कोहलपुर, बाँके लाई लागत साझेदारीमा कार्य गर्ने गरी चालु आ.ब. २०७९/०८० को नीति, बजेट तथा कार्यक्रम पुस्तिकाको पेज नं. १०४ सि.नं. ३७९ को धार्मिक तथा संस्कृति प्रबर्द्धन कार्यक्रम(तोके बमोजिम) शीर्षकबाट रु.२,५०,०००।- (दुई लाख पचास हजार) उपलब्ध गराउने ।

निर्णय नं. १३

यस नगरपालिकाको प्रस्तावित अन्तराष्ट्रिय क्रिकेट मैदान कोहलपुरको खेल मैदानमा मध्यपश्चिम खेलकुद विकास समितिको नाममा रहेको बिद्युत बिल भुक्तानीको लागी मध्यपश्चिम खेलकुद विकास समिति वा सो को स्वामित्व हस्तान्तरण भई आएको समितिलाई चालु आ.ब. २०७९/०८० को नीति, बजेट तथा कार्यक्रम पुस्तिकाको पेज नं. ७० सि.नं.

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या १८-२०७९।०८४
मिति २०७९।११।१० को
निर्णय प्रमाणित

७१ को अन्य सामाजिक सहायता शीर्षकबाट रु.७०,०००।- रकम उपलब्ध गराउने र खेलकुद मैदानमा बाँके जिल्ला क्रिकेट संघ बाँकेको नाममा नयाँ मिटर जडानका लागी सिफारिस गर्ने। साथै नेपाल कम्युनिष्ट पार्टी जिल्ला संगठन समिति, बाँकेलाई आवधिक योजना कार्यक्रम संचालनका लागी अन्य सामाजिक सहायता शीर्षकबाट रु.२५,०००।- उपलब्ध गराउने ।

**निर्णय नं. १४**

कोहलपुर नगरपालिका वडा नं. २ स्थित श्री बौद्ध गुम्बा शान्ति बिहारको विभिन्न संरचना निर्माणका लागि बिस्तृत परियोजना प्रतिवेदन (DPR) का लागी सेवा र परामर्श खर्च शीर्षकबाट रु.४,५०,०००।– खर्च हुने गरी कार्य गर्ने ।

**निर्णय नं. १५**

आ.ब. २०७९/०८० को वडा सिलिङ्मा विनियोजित १० नं. वडाको वडा समितिबाट विभिन्न मितिमा निर्णय भै आएको योजना/कार्यक्रम संशोधन एवं ब्रेकडाउन आगामी नगरसभाबाट अनुमोदन हुन गरी स्वीकृत गर्ने ।

| सि.नं. | साविक योजना/कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | वडा समितिको निर्णय मिति |
|---|---|---|---|---|
| १ | सडक मर्मत सम्भार कोष जगेडा कोष - १५,३०,०००।- (सि.नं. २०२) | श्री नेपाल राष्ट्रिय आधारभुत विद्यालय, चटारको दुई कोठे भवन निर्माण | ५,००,००० | २०७९/०९/१३ |
| | | डाइनामिक स्कुलदेखि बागेश्वरी स्कुलसम्म बाटो ग्राभेल | १,२५,००० | २०७९/०९/२४ |
| | | निम बहादुर कंवरको घरदेखि लक्षिराम थारुको घरहुँदै तक्षशिला स्कुलसम्म पक्की नाला निर्माण | १,५०,००० | २०७९/१०/०५ |
| | | राधा प्रतिक्षालयदेखि भित्र जाने बाटोमा माटो पटान | १८,००० | २०७९/१०/०५ |
| | | मेट्रोमार्टदेखि दक्षिण डिल बहादुर खत्रीको घरसम्म आर.सि.सि. पक्की बाटो निर्माण | १,००,००० | २०७९/१०/१५ |
| २ | वडा नं. १० का लक्षित वर्ग – ३,५०,०००।– (सि.नं. १९६) | खेलकुद | २५,००० | २०७९/०९/१४ |
| | | आमा सुरक्षा कार्यक्रम | ५०,००० | २०७९/०९/१४ |
| | | जीवन उपयोगी सिप तालिम | ५०,००० | २०७९/०९/१४ |
| | | अभिमुखिकरण कार्यक्रम | ५०,००० | २०७९/०९/१४ |
| | | ल्होसार | ५,१०० | २०७९/०९/१४ |
| | | महिला सेल- फर्निचर | ५,००० | २०७९/१०/१५ |
| | | प्रहरी बिट- पेट्रोल | ५,००० | २०७९/१०/१५ |
| | | कोहलपुर रेसिङ् सहारा क्लब | २५,००० | २०७९/१०/१५ |
| | | माघी पर्व | ५,००० | २०७९/१०/१५ |

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत